# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४८) काठमाडौं, भदौ ११ गते २०५५ साल (अतिरिक्ताङ्क ३५ (ख)

## भाग ३

श्री ५ को सरकार

### प्रधानमन्त्रीको कार्यालयको सूचना

#### रोजगार प्रवर्द्धन विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०५५

रोजगार प्रवर्द्धन विकास समिति (गठन) आदेश, २०५४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस आदेशको नाम "रोजगार प्रवर्द्धन विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०५५" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. रोजगार प्रवर्द्धन विकास समिति (गठन) आदेश, २०५४ को दफा ३ मा संशोधन: रोजगार प्रवर्द्धन विकास समिति (गठन) आदेश, २०५४ (यसपछि "मूल आदेश" भनिएको) को दफा ३ को उपदफा (२) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः–

"(क) प्रधानमन्त्रीले तोकेको मन्त्री, राज्यमन्त्री वा व्यक्ति– अध्यक्ष"

३. मूल आदेशको दफा १२ मा संशोधन: मूल आदेशको दफा १२ को सट्टा देहायको दफा १२ राखिएको छ :–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"१२ सुविधा र बैठक भत्ताः (१) समितिको अध्यक्षमा मन्त्री वा राज्यमन्त्री बाहेक अन्य व्यक्ति तोकिएको अवस्थामा निजले पाउने सुविधासम्बन्धी कुराहरू प्रधानमन्त्रीले तोकेबमोजिम हुनेछ ।

(२) समिति, उप-समितिवा कार्यटोलीका सदस्यहरूले बैठकमा भाग लिए बापत श्री ५ को सरकारले तोकेबमोजिम बैठक भत्ता पाउनेछन् ।"

आज्ञाले,
डि.बि. भट्टराई
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।